


बर्ष २,अंक ५,चैत्र-बैशाख -०६८/२०६९,काठमाडौं

Volume 2, No 5, March-April, 2012, Kathmandu

# बिषयसूची

महिनाको तस्विर........................................................................२

बाल हेल्पलाईनको वार्षिक पुनरावलोक सम्पन्न.........................................३

प्रारम्भिक बाल विकास सम्बन्धी तालिम.................................................३

१०२ औं अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न...........................................४

बालविवाह अन्त्यका लागि राष्ट्रिय सञ्जालको शुभारम्भ ...........................५

बालश्रम न्यूनीकरण विषयक अन्तर्क्रिया..................................................६

बाँकेमा पहिलो जिल्लास्तरीय किशोरी सञ्जाल गठन..................................६

# महिनाको तस्वीर



स्कूल जान मन लाग्छ तर  भाइ हेर्न मै फुसर्द छैन.....................

# सिविन समाचार

## बाल हेल्पलाईनको वार्षिक पुनरावलोक सम्पन्न

जोखिम परिस्थितिमा परेका बालबालिकाको उद्धार कार्यमा संलग्न  बाल हेल्पलाईन नेपालको वार्षिक पुनरावलोकन कार्य पश्चिमाञ्चलको पोखरामा सम्पन्न भएको छ।




कार्यक्रममा विराटनगर, मकवानपुर, काठमाडौ, पोखरा र नेपालगंजका बाल हेल्पलाइन सञ्चालन गरिरहेका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

सोही छलफलमा उपस्थित प्रतिनिधिहरुले बाल हेल्पलाइनका कार्य र अनुभवका बारेमा धारणा राख्नुभएको थियो।

बाल हेल्पलाइन विश्वका १२२ भन्दा बढी देशमा सञ्चालनमा रहेका छन् ।

## प्रारम्भिक बाल विकास सम्बन्धी तालिम

सामुदायिक विद्यालयका शिक्षक शिक्षिका लागि प्रारम्भिक बाल विकास सम्बन्धी तालिम पोखरामा सम्पन्न छ ।

तालिममा कास्की जिल्लाका सामुदायिक विद्यालयका २० जना शिक्षक शिक्षिकाहरुको सहभागिता रहेको थियो

तालिममा प्रारम्भिक बाल विकास सम्वन्धि विभिन्न व्यवहारिक र शैद्धान्ति जानकारी गराइएको थियो ।

यस तालिमलाई लक्ष्मभक्त बासुकला र कृष्णा सुन्दरी श्रेष्ठले सहजिकरण गर्नुभएको थियो ।

# १०२ औ अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न

किशोरीहरुको आवद्धता उज्जवल  भविष्यको सुनिश्चिततता र महिला हिसां अन्त्य गरौं शुन्य सहिष्णुता कायम गरौं भन्ने मूल नारा सहित १०२ औ अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न भएको छ।

दिवसका अवसरमा आयोजित कार्यक्रममा विभिन्न सरकारी,गैरसरकारी संघ संस्था लगायत नागरीक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सोही अवसरमा चेतनामूलक एक ऱ्यालीको समेत आयोजना गरिएको छ । उक्त ऱ्याली काठमाडौंको प्रदर्शनी मार्ग भृकुटी मण्डपबाट शुरु भई बसन्तपुरमा पुगी सभामा परिणत भएको थियो।



# बालविवाह अन्त्यका लागि राष्ट्रिय सञ्जालको शुभारम्भ

नेपालमा विद्यमान बालविवाहलाई रोकथाम तथा नियन्त्रणका निम्ति सचेतना अभिबृद्धि तथा दबाब सिर्जना गर्नका लागि "बालिका दुलई होइनन्" भन्ने विश्वव्यापी अभियानको एउटा अंगको रुपमा बालविवाह अन्त्यका लागि राष्ट्रिय सञ्जालको शुभारम्भ भएको छ ।




बालिकाको अधिकार तथा महिला हिंसाका विरुद्धमा क्रियाशील विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सक्रियतामा यो सञ्जाल निर्माण भएको हो । सञ्जालले मुलतः बालिकाको अधिकार, महिला हिंसा तथा बाल विवाहको रोकथाम तथा नियन्त्रण गर्न विभिन्न सचेतना तथा दबाबमूलक कार्यक्रम आयोजना गर्ने लक्ष्य लिएको छ ।

विश्वका विभिन्न राष्ट्रहरुमा यो अभियान सुरु भइसको छ। यो अभियानलाई विगतदेखि नै नेल्सन मेन्डेला तथा जिमी कार्टर जस्ता व्यक्तिहरुले अगाडि बढाउँदै आएका थिए । हाल आएर यसै अभियानलाई दक्षिण एशियाका मुलुकहरुमा समेत अगाडि बढाइएको छ ।

नेपाल पनि दक्षिण एशियाका मुलुकहरु मध्ये धेरै बालविवाह हुने देशभित्र पर्दछ। नेपालमा सयमा ५१ जनाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनले देखाउँछ। यदि यही तथ्याङ्कलाई आधार मान्ने हो भने पनि नेपालमा बालविवाहको दर ५१ प्रतिशत रहेको छ ।

उमेर नपुग्दै बाल विवाह हुँदा, विभिन्न खालका शारीरिक तथा मानसिक रुपमा समेत समस्या देखिने गर्दछ। नेपालको सन्दर्भमा सानै उमेरमा विवाह हुनुमा आर्थिक, सामाजिक तथा धार्मिक कारक समेत रहेको बताइन्छ।

कानुनले संरक्षकको मञ्जूरीमा १८ वर्ष र संरक्षकको अनुमति बिना २० वर्ष उमेर पुगेका केटा र केटीले विवाह गर्न सक्ने प्रावधाको व्यवस्था गरेको छ ।

## बालश्रम न्यूनीकरण विषयक अन्तर्क्रिया

बालश्रमका बिषयमा राज्यले गर्नुपर्ने दायित्वलाई व्यवहारिक रुपमा पूरा गर्न नसक्दा समस्या जटिल बन्दै गएको यसका सरोकारवालाहरुले बताएका छन् ।

उपत्यकाका साना रेष्टुरेण्ड तथा चियापसलहरुमा रहेका बालश्रम न्यूनीकरण विषयक अन्तक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो धारणा राखेका हुन् ।

कार्यक्रममा सरोकारवालाहरुले गरिबीका कारण बालश्रम बढेको र बालश्रम न्यूनीकरणका लागि सरकार निकाय लगायत गैरसरकारी संघ संस्थाहरुले ध्यान दिनुपर्ने धारणा राखेका थिए ।

## बाँकेमा पहिलो जिल्लास्तरीय किशोरी सञ्जाल गठन

बाँके जिल्लाका किशोरीहरुको एक भेलाले १५ सदस्यीय सहित किशोरी क्लब सञ्जाल गठन गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता तथा सदस्य श्री गौरी प्रधानले किशोरी क्लवको जिल्ला स्तरीय संजाल गठन आफैमा सकारात्मक र अनुकरणिय सन्देश भएको बताउनु भयो ।

जिल्लाका ४७ किशोरी क्लवका १०० भन्दा बढी किशोरीहरुको सहभागितामा भएको भेलाले तुल्सी थापाको नेतृत्वमा किशोरी क्लव सञ्जाल गठन गरेको छ ।




उक्त कार्यक्रममा बोल्दै महिला तथा बालबालिका कार्यालयका प्रमुख शोभा शाहले किशोरीहरुको समन्वयबाट गठित सञ्जालले देशलाई संदेश दिएको बताउनु भयो । उक्त कार्यक्रमको अध्यक्षता जिल्ला बाल क्लव संजालकी अध्यक्ष प्रजिता ज्ञवालीले गर्नु भएको थियो ।